# भोजपुर जिल्ला अदालत
## भोजपुर

फोन नं. ०२९-४२०११५, ४२०७११
फ्याक्स ०२९-४२०३११
Email: infodcbhojpur@dcourt.gov.np
Website : supremecourt.gov.np

पत्र संख्या: २०७४/०७५
चलानी नं. :-

मिति २०७४/१०/१०

विषयः- **दण्ड जरिवाना छुट सम्वन्धि अत्यन्त जरुरी सूचना ।**

विभिन्न अदालतबाट विभिन्न मितिमा भएको अन्तिम फैसलाबमोजिम विभिन्न व्यक्तिहरुलाई लागेको दण्ड जरिवाना, सरकारी विगो र कोर्ट फीसमेतको लगत यस अदालतमा कायम रहेको हुँदा उक्त असुल हुन बाँकि रहेको दण्ड जरिवाना, सरकारी विगो र कोर्ट फी आदिको बाँकि बक्यौता बुझाउन ल्याउनु हुन सम्वन्धित लगतवाला व्यक्तिहरुका लागी जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७ को उपनियम १ बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दण्ड जरिवाना, सरकारी विगो र कोर्ट फी आदिको बाँकि बक्यौता भएका लगतवाला व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मिति देखि तपसिलमा उल्लिखित अवधी भित्र बाँकि बक्यौता रहेको दण्ड जरिवाना, सरकारी विगो र कोर्ट फी बुझाउन ल्याएमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७ को उपनियम २ बमोजिम निम्नबमोजिम छुट हुने बेहोरा सम्वन्धित सवैको जानकारीको लागी यसै सूचनाद्वारा जानकारी गराईएको छ।

(१) एक महिना भित्र बुझाउन ल्याएमा १५ प्रतिशत छुट हुने ।
(२) दुई महिना भित्र बुझाउन ल्याएमा १३ प्रतिशत छुट हुने ।
(३) तिन महिना भित्र बुझाउन ल्याएमा ११ प्रतिशत छुट हुने ।
(४) चार महिना भित्र बुझाउन ल्याएमा ९ प्रतिशत छुट हुने ।
(५) पाँच महिना भित्र बुझाउन ल्याएमा ७ प्रतिशत छुट हुने ।
(६) छ महिना भित्र बुझाउन ल्याएमा ५ प्रतिशत छुट हुने ।

२०७४।१०।१०

.............................
(विष्णुप्रसाद दाहाल)